खावासाकी अन्तर्राष्ट्रिय केन्द्र

# KIAN हेल्लो खावासाकी


जापानिज, अंग्रेजी, चिनियाँ, कोरियन या उत्तर कोरियन, स्पेनिश, पोर्तुगाली, तागालोग, भियतनामी, थाई, इन्डोनेसियाली, नेपाली र सजिलो जापानिज

संघको होम पेज (https://www.kian.or.jp/hlkwsk.html) मा हेर्नुहोस् ।

खावासाकी अन्तर्राष्ट्रिय संघ २-२ किजुकी गिओन्च्यो, नाकाहारा वडा, खावासाकी , खानागावा प्रान्त, २११-००३३, जापान
फोन नं:044-435-7000 फ्याक्स नं:044-435-7010 https://www.kian.or.jp/ ईमेल：kiankawasaki@kian.or.jp

**********************************************************************************************

## हेरविचार गर्नु पर्ने विदेशी वृद्धहरुको वर्तमान अवस्थाको बारेमा थाहा भएका व्यक्तिहरुलाई प्रश्नावली सर्वेक्षणमा सहयोग गर्न आग्रह गर्दछौं!



खावासाकी शहरमा बसोबास गर्दै आइरहेका विदेशी वृद्धहरु (दीर्घकालीन रुपमा हेरविचार गर्नु पर्ने) को हालको अवस्थाको बारेमा नगरपालिकालाई जानकारी गराई भविष्यका नीतिहरुमा कार्यान्वयन गर्ने उद्देश्यले प्रश्नावली सर्वेक्षण गर्न लागेको हो।

यो विदेशी वृद्धहरुको हेरविचारको जिम्मेवारी लिइराखेको अथवा हेरविचारको जिम्मेवारी लिएको अनुभव भएको परिवारको सदस्य, त्यस्तो पेशामा लागेको व्यक्ति, विदेशी वृद्धहरु तथा दीर्घकालीन रुपमा हेरविचार गर्नु पर्ने व्यक्तिहरुको वर्तमान अवस्थाको बारेमा थाहा भएका व्यक्तिहरु लक्षित प्रश्नावली सर्वेक्षणमा हो। लक्षित व्यक्तिहरुलाई प्रश्नावली सर्वेक्षणमा सहयोग गर्न अनुरोध गर्दछौं। सर्वेक्षणमा सहयोग गर्ने व्यक्तिहरुलाई उपहार स्वरुप मेक्सिकन खाना, कोरियाली खाना अथवा जापानी खानाको रेसिपी पठाउने छौं।

※विस्तृत विवरणको लागि होमपेज हेर्नुहोस्।

**प्रश्नावली सर्वेक्षणको अवधि** : **२०२२/८/१ देखि २०२३/१/३१**

**सहभागी हुने तरिका** : इमेल, हुलाक अथवा प्रत्यक्ष केन्द्र आएर बुझाउनु होस्।

**★हुलाक बाट पठाउदा जनवरी ३१ तारिख सम्म पुग्ने गरि पठाउनुहोस्।**

**प्रश्नावलीको सर्वेक्षण पेज** : https://www.kian.or.jp/topics/fragebogen22.shtml

**********************************************************************************************

## के तपाई "बोच्चया" खेलेर हेर्न चाहनु हुन्छ ?







**नि:शुल्क सहभागिता**

"बोच्चया" भनेको उमेर, लिङ्गको वास्ता नगरी, शारीरिक रुपमा अपाङ्गता भएका व्यक्ति आदि सबैजना सँगै मिलेर प्रतिस्पर्धा गर्न सकिने एउटा खेल हो।यो प्यारालम्पिकको आधिकारिक खेलको रुपमा परिचित छ। सर्वसाधारण व्यक्तिहरु सहभागी हुन मिल्ने "बोच्चया" खेलको प्रतियोगिताहरु तथा कार्यक्रमहरु धेरै ठाउँहरुमा समय समयमा आयोजित हुने गर्छ।

【मिति र समय】: २०२२ / ८ / २० (शनिबार) बिहान १० बजे बाट १२ बजे सम्म
【ठाउँ】: खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल
【लक्षित सहभागीहरु】: १२ वर्ष भन्दा माथिको जो कोहि पनि
【आवेदकको संख्या】: २० जना सम्म (पहिला आवेदन दिनेलाई प्राथमिकता दिईनेछ)
【आवेदन शुरु हुने दिन】: जून २० तारिख (सोमबार) देखि (फोन, फ्याक्स, ईमेल अथवा केन्द्रमा आएर आवेदन दिनुहोस्।)
【सम्पर्क】: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र
【फोन नं.】: 044-435-7000 【फ्याक्स】: 044-435-7010 【ईमेल】: soudan39@kian.or.jp




# उच्च माध्यमिक विद्यालय भर्ना सम्बन्धि जानकारी कार्यक्रम
# विदेशी तथा विदेशसँग जोडिएका बच्चाहरुको लागि

★प्रवेश नि:शुल्क、आवेदन भने दिनुपर्नेछ !
★प्रशासनिक अधिकृतद्वारा नि:शुल्क सल्लाह पनि लिन सक्नु हुन्छ।
★अनुवादकको व्यवस्था पनि छ।

खानागावा प्रान्तको सार्वजनिक उच्च माध्यमिक विद्यालय
भर्ना हुन आवश्यक जानकारी प्रदान गरिनेछ।

【मिति र समय】: २०२२/ ११/ १९ (शनिबार)　दिउँसो १:०० देखि ४:०० सम्म (आउने समय तोकिएको हुन्छ।)
【स्थान】: खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको हल
【आवेदन दिने अन्तिम】: २०२२/ ९/ ३(शनिबार) सम्म **https://hsguide.me-net.or.jp/reservations**
【लक्षित व्यक्ति】: माध्यमिक विद्यालयको विद्यार्थी र अभिभावक अथवा समर्थक
(जम्मा २४ परिवार र एउटा परिवारबाट ३ जना सम्म) (गोला प्रथाबाट छानिने)
【बिषय】: उच्च माध्यमिक विद्यालयको परिचय, विद्यालय भर्ना सम्बन्धित अरु पनि विभिन्न कुराहरु
【सम्पर्क】: जापानिज, अंग्रेजीमा लेखेर **koko@mcajp.com** मा ईमेल पठाउनुहोस्।
【आयोजक】: बहुसांस्कृतिक गतिविधि सम्पर्क परिषद, खावासाकी अन्तर्राष्ट्रिय केन्द्र, खानागावा प्रान्तीय शिक्षा परिषद, बहुसांस्कृतिक शिक्षा नेटवर्क खानागावा

********************************************************************************************

## अनलाइन भेटघाट तथा छलफल कार्यक्रम "थाई खाना" (जूम)

आफ्नो घरैमा पनि सजिलै सँग पकाउन सकिने खाना सँगै पकाएर हेरौं। थाई संस्कृतिको पनि परिचय गर्नेछौं।

【मिति र समय】: २०२२ / ८ / १५ (शनिबार)　बिहान ११ बजे बाट दिउँसो १ बजे सम्म
【शिक्षक】: नाखादा सिरिवान (थाई नागरिक)
【खानाको परिकार】: रापुमु (पोर्कको किमा मासुको मसलेदार सलाद)　अन्य
【सहभागिता शुल्क】: नि:शुल्क (अनलाइन भएकोले)
【आवेदन दिने तरिका】: होमपेजको आवेदन फारम अथवा ई-मेल बाट आवेदन दिनुहोस्। **★२०२२/१०/४ सम्ममा★**
【आवेदन फारमको पेज】: https://www.kian.or.jp/wf/　ई-मेल: soudan39@kian.or.jp
※विस्तृत विवरणको लागि फ्लायर, होमपेज, Facebook तथा खावासाकी अन्तर्राष्ट्रिय केन्द्रमा सम्पर्क गर्नुहोला।

********************************************************************************************

## खावासाकी अन्तर्राष्ट्रिय केन्द्रको विदेशी भाषाको परामर्श सेवा

केहि प्रश्न भएमा अथवा तपाइलाई केहि समस्या परेमा हामीलाई सम्पर्क गर्नुहोला। (नि:शुल्क)

**ZOOM प्रयोग गरेर अनलाइन परामर्श लिन सक्नुहुन्छ !**　होमपेजबाट बुकिङ्ग गर्नुहोस्।

＊परामर्श सेवाको समय : बिहान ९ बजे बाट साँझ ५ बजे सम्म (दिउँसो खाजा खाने समयमा पनि सेवा उपलब्ध छ।)
＊ परामर्श सेवाको प्रत्यक्ष फोन नं. : 044-455-8811
सम्बन्धित भाषाको अनुवादक/सल्लाहकार नभएको बारहरुमा पनि फोन मार्फत परामर्शको व्यवस्था छ।

| भाषा | बार | भाषा | बार |
|---|---|---|---|
| अंग्रेजी | सोमबार देखि शनिबार | चिनियाँ | सोमबार देखि शनिबार |
| पोर्तुगाली | मंगलबार र शुक्रबार | स्पेनिश | मंगलबार र बुधबार |
| कोरियाली/उत्तर कोरियाली | मंगलबार र बिहीबार | तागालोग | मंगलबार र बुधबार |
| भियतनामी | मंगलबार र शुक्रबार | थाई | सोमबार र मंगलबार |
| इन्डोनेसियाली | मंगलबार र बुधबार | नेपाली | मंगलबार र शनिबार |

*अनलाइन परामर्शको लागि आवेदन दिने पेज*

खावासाकी अन्तर्राष्ट्रिय केन्द्र को पेज

## ＊प्रशासनिक अधिकृतद्वारा नि:शुल्क परामर्श सेवा

(परामर्श सेवा जापानिज भाषामा मात्र उपलब्ध भएतापनि अन्य भाषामा अनुवाद गराई लिने व्यवस्थाको बुकिंग पनि गर्न सकिने, **तर सशुल्क**)
**मिति र समय**: २०२२ साल अगष्ट २१ (आइतबार) , सेप्तेम्बेर १८ (आइतबार)　दिउँसो २ बजे बाट ४ बजे सम्म
**स्थान**　: खावासाकी अन्तर्राष्ट्रिय केन्द्र दोस्रो तल्ला, संघको बैठक कोठा